# नेपाल राजपत्र

श्री ५ को सरकारद्धारा प्रकाशित

खण्ड ५१ काठमाडौं, माघ २५ गते २०५८ साल (अतिरिक्ताङ्क ६८

## भाग ३

### श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको सूचना

### निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "संसद सदस्य" भन्नाले प्रतिनिधिसभा सदस्य र राष्ट्रियसभा सदस्य सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "कार्यक्रम" भन्नाले निर्वाचन क्षेत्र विकास कार्यक्रम र सो अन्तर्गत सञ्चालन हुने आयोजना, योजना समेत सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले स्थानीय विकास मन्त्रालय सम्झनु पर्छ ।

(घ) "सचिव" भन्नाले जिल्ला विकास समितिको सचिव सम्झनुपर्छ ।

(ङ) "उपभोक्ता समिति" भन्नाले स्थानीय स्तरमा सञ्चालन हुने भनी श्री ५ को सरकार वा अन्य निकायले निर्धारण गरेको कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले त्यस्तो कार्यक्रमको सञ्चालन र मर्मत सम्भार गर्न आफूहरुमध्येबाट छानिएका व्यक्तिहरु रहने गरी गठन गरेको समिति सम्झनु पर्छ ।

३. कार्यक्रमको छनौट : (१) प्रतिनिधिसभाका सदस्यको हकमा निजले प्रतिनिधित्व गरेको निर्वाचन क्षेत्रमा तथा त्यस्तो निर्वाचन क्षेत्रको सम्बन्धित जिल्लाको जिल्लास्तरीय कार्यक्रममा र राष्ट्रियसभाका सदस्यको हकमा निजले रोजेको बढीमा तीन जिल्लाको जुनसुकै निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको छनौट संसद सदस्य वा निजको प्रतिनिधिबाट हुनेछ । यसरी कार्यक्रमको छनौट गर्दा सम्भव भएसम्म एक वर्षभित्र कार्यान्वयन गर्न सकिने खालका कार्यक्रम छनौट गरी अनुसूची-१ बमोजिमको कार्यान्वयन तालिका समेत बनाउनु पर्नेछ ।

४. कार्यक्रमको किसिम : (१) कार्यक्रमको किसिम देहाय बमोजिम हुनेछ :-

(क) सिंचाई, खानेपानी, बाटो, पुल, विद्यालय आदि जस्ता भौतिक पूर्वाधार एवं सांस्कृतिक तथा धार्मिक विकास र मर्मत सम्बन्धी,

(ख) आयमूलक तालिम तथा शिप विकास सम्बन्धी,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
१९५४

(ग) शिक्षकको पारिश्रमिक, खेलकूद विकास तथा शैक्षिक सामग्री र दलित, जनजाति तथा महिला लगायत अन्य विपन्न वर्गका छात्र छात्रालाई छात्रवृत्ति दिने सम्बन्धी,

(घ) स्वास्थ्य सेवा, स्वास्थ्य सम्बन्धी उपकरण तथा औषधि सम्बन्धी ।

(ङ) अपाङ्ग तथा वृद्धहरुलाई सहायता सम्बन्धी ।

(२) उपनियम (१) बमोजिमका कार्यक्रम गैरसरकारी संस्था तथा अन्य निकाय सँग समन्वय गरी सञ्चालन गर्न सकिनेछ ।

५. प्रतिनिधि तोक्न सक्ने: कार्यक्रमको तर्जुमा, सञ्चालन सम्बन्धी कार्य गर्नको लागि संसद सदस्यले प्रतिनिधि तोक्न सक्नेछ । यसरी प्रतिनिधि तोकिएकोमा सो को जानकारी सम्बन्धित जिल्ला विकास समितिलाई दिनु पर्नेछ ।

६. कार्यक्रम सञ्चालन तथा कार्यान्वयन : (१) नियम ३ बमोजिम छनौट भएका कार्यक्रम अनुसूची-२ बमोजिमको ढाँचामा सम्बन्धित जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरेको कार्यक्रम सञ्चालन र कार्यान्वयन गर्दा जिल्ला विकास समितिको कार्यालयले जन सहभागितालाई प्राथमिकता दिई स्थानीय उपभोक्ता समूह, सरकारी कार्यालय वा गैरसरकारी संस्था मार्फत् गर्नुपर्नेछ ।

(३) भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित विषयको प्राविधिकले तयार गरेको लगत इष्टिमेट बमोजिम, अन्य कार्यक्रमको हकमा सम्बन्धित संस्थाले तयार गरेको प्रस्तावलाई संसद सदस्यको सिफारिश साथ र संसद सदस्य आफैले तयार पारेको कार्यक्रम भए सो समेत उल्लेख गरी जिल्ला विकास समितिको कार्यालयमा कार्यान्वयनको लागि पेश गर्नुपर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त हुन आएका कार्यक्रमको आधारमा जिल्ला विकास समितिको कार्यालयले कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट निकासा दिनु पर्नेछ ।

(५) जिल्ला विकास समितिको कार्यालयले कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन गर्दा सम्बन्धित संसद सदस्यबाट पेश भएको अनुसूची-१ बमोजिमको कार्यान्वयन तालिका बमोजिम कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

(६) कार्यक्रमको कार्यान्वयन, रेखदेख तथा जाँचपास गर्ने सम्बन्धमा आवश्यक पर्ने प्राविधिक सहयोग आवश्यकता अनुसार जिल्ला विकास समितिको कार्यालय वा जिल्ला स्तरीय सरकारी कार्यालयले उपलब्ध गराइदिनु पर्नेछ ।

७. अख्तियारी पठाउने व्यवस्था र खाता सञ्चालन : (१) श्री ५ को सरकारले प्रतिनिधिसभाका सदस्यको हकमा सम्बन्धित जिल्ला विकास समितिको कार्यालयमा र राष्ट्रियसभाका सदस्यको हकमा निजले तोकेको जिल्लाको जिल्ला विकास समितिको कार्यालयमा रकम पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको रकम खर्च गर्ने अख्तियारी श्री ५ को सरकारले आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ बमोजिमको रित पुर्‍याई सचिवलाई दिनेछ ।

(३) उपनियम (१) बमोजिम श्री ५ को सरकारबाट प्राप्त रकम खर्च गर्नको लागि कार्यक्रमको नाममा छुट्टै बैंक खाता खोली सो रकम उक्त बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको खाताको सञ्चालन सचिव र जिल्ला विकास समितिको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) उपनियम (१) बमोजिमको रकम खर्च गर्दा नियम ६ को उपनियम (१) बमोजिम पेश भएका कार्यक्रम बाहेक अन्यत्र खर्च गर्न पाईने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) प्रतिनिधिसभाका सदस्यले नियम ६ को उपनियम (१) बमोजिम कार्यक्रम पेश गरिसकेपछि प्रतिनिधिसभा विघटन भए पनि उक्त कार्यक्रम कार्यान्वयन गर्न बाधा पर्ने छैन ।

तर कार्यक्रम पेश नगर्दै कुनै कारणले प्रतिनिधिसभाको सदस्य नरहेमा उक्त रकम स्वतः फ्रिज हुनेछ ।

८. प्रशासनिक खर्चको व्यवस्था : (१) कार्यक्रमको कुल रकमको १५ प्रतिशतसम्म प्रशासनिक कार्यका लागि खर्च गर्न सकिने छ । त्यस्तो रकम जिल्लाको सदर मुकाम वा निर्वाचन क्षेत्रमा खुलेको संसद सदस्यको सम्पर्क कार्यालयको सञ्चालनको निमित्त मसलन्द र संसद सदस्यको प्रतिनिधि, संसद सदस्यद्वारा संसद सदस्यको सम्पर्क कार्यालयमा काम गर्न नियुक्त भएको तथा अनुगमन कार्यका लागि खटाइएको व्यक्तिको पारिश्रमिक एवं सम्पर्क कार्यालयको घर भाडा लगायतका कार्यमा खर्च गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम प्रशासनिक कार्यका लागि छुट्याइएको रकम संसद सदस्यको सम्पर्क कार्यालयमा काम गर्न नियुक्ति पाएको व्यक्तिले प्रत्येक किस्तामा प्राप्त रकमको हिसाब बुझाए पछि अर्को किस्ता पाउनेगरी जम्मा तीन किस्तामा निकासा दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम छुट्याइएको रकमको परिधिभित्र रही खर्च गरिएको रकमको विवरण संसद सदस्यको प्रतिनिधि वा संसद सदस्यको सम्पर्क कार्यालयमा काम गर्न नियुक्ति पाएको व्यक्तिले जिल्ला विकास समितिको कार्यालयमा पठाउनु पर्नेछ । सचिवले प्राप्त भएको विवरण हेरी त्यस्तो खर्चलाई नियमानुसार फछ्र्यौट र फरफारक गर्नुपर्नेछ ।

(४) राष्ट्रियसभा सदस्यले उपनियम (१) बमोजिमको प्रशासनिक खर्च निकासा लिनको लागि कार्यक्रम कार्यान्वयन गर्ने जिल्लाको नाम मन्त्रालयमा दिनु पर्नेछ । यसरी जिल्लाको नाम प्राप्त भएपछि मन्त्रालयले प्रशासनिक खर्च समायोजन गरी सम्बन्धित जिल्लामा अख्तियारी पठाउने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) कार्यक्रममा प्राविधिक सहयोग पुऱ्याउन जिल्ला विकास समितिको कार्यालयले कार्यक्रमको दुई प्रतिशत रकम कट्टा गरी राख्नेछ । उक्त रकम प्राविधिक एवं अन्य कर्मचारीको भत्ता, दैनिक भ्रमण भत्ता, मसलन्द, प्राविधिक उपकरण आदिमा खर्च गर्नुपर्नेछ ।

(६) कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित संसद सदस्य वा प्रतिनिधि, सचिव र सम्बन्धित पक्षबीच सम्झौता गर्नु पर्नेछ ।

९. कार्यक्रममा भएको खर्चको फछ्र्यौट र फरफारक : (१) कार्यक्रममा भएको खर्चको बील भौचर सहितको विवरण सम्बन्धित उपभोक्ता समिति वा कार्य सम्पन्न गर्ने निकायले जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम हिसाब फछ्र्यौटका लागि कागजात प्राप्त भएपछि सचिवले नियमानुसार हिसाब फछ्र्यौट गरिदिनु पर्नेछ ।

(३) सचिव, योजना अनुगमन तथा प्रशासकीय अधिकृत, जिल्ला विकास समितिको प्राविधिक प्रमुख समेत रहेको समितिले सञ्चालित कार्यक्रम वा योजनाको जाँचपास र फरफारक गर्ने छ ।

१०. पेश्की फछ्र्यौट गर्नुपर्ने : (१) संसद सदस्यको सिफारिश बमोजिम लिएको पेश्की रकम काम सम्पन्न गरी आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०५६ बमोजिमको म्याद भित्र फछ्र्यौटको लागि सचिव समक्ष पेश गर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको खर्चको फाँटवारी नियम बमोजिम फछ्र्यौट गरी संसद सदस्यलाई जानकारी दिनु सचिवको कर्तव्य हुनेछ ।

११. लेखा परीक्षण : कार्यक्रमको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरिक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
११९८

१२. प्रगति समीक्षा : (१) सञ्चालित कार्यक्रमको प्रगति विवरण सचिवले जिल्ला विकास समितिको नियमित समीक्षा बैठकमा पेश गरी प्रगति समीक्षा गर्नु पर्नेछ र सो को जानकारी मन्त्रालयमा पठाउनु पर्नेछ ।

१३. अनुसूचीमा थपघट तथा हेरफेर: श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

१४. बचाउ : (१) यस अघि निर्वाचन क्षेत्र विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०५८ बमोजिम भए गरेका काम कारवाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

(२) यस नियमावलीमा लेखिए जति कुराको हकमा यसै नियमावली बमोजिम र अन्य कुराको हकमा आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ तथा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१

निर्वाचन क्षेत्र विकास कार्यक्रम

कार्यक्रम कार्यान्वयन तालिकाको नमूना

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

संसद सदस्यको नाम :

प्रतिनिधिसभा/राष्ट्रियसभा

निर्वाचन क्षेत्र नं. :

जिल्ला :

| सि. नं. | सञ्चालन हुने कार्यक्रमको विवरण | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | सञ्चालन हुने गा.वि.स./न.पा /वडा नं. टोल | व्यहोरिने लागत रकम रू. | | | | | | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यक्रमबाट | लागत सहभागिता | जनसह-भागिता | सरकारी | गैसस | अन्य | जम्मा | | |
| | | | | | | | | | | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची-२

निर्वाचन क्षेत्र विकास कार्यक्रम

कार्यक्रम प्रस्ताव पेश गर्ने फाराम

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

श्री जिल्ला विकास समितिको कार्यालय,

....................................... जिल्ला ।

विषय : कार्यक्रम प्रस्ताव सम्बन्धी विवरण ।

१. आयोजना सञ्चालन गर्ने स्थान :- गा.वि.स./न.पा. ........... वडा नं. ......... टोल ...............

(क) आयोजनाको नाम :-

(ख) आयोजनाको किसिम:-

(ग) लाभान्वित जनसंख्या :-

(घ) अधूरो योजना भए वर्तमान अवस्थाको विवरण:-

(ङ) थप गर्नुपर्ने कार्यको विवरण :-

(च) आयोजना सम्पन्न गर्न लाग्ने अनुमानित समयावधि :-

(छ) आयोजनाको अनुमानित खर्च रू.

(१) कार्यक्रमबाट रू.

(२) उपभोक्ता (जनसहभागीता) बाट रू.

(३) लागत सहभागिताबाट रु.

(४) सरकारी अनुदानबाट रु.

(५) गैर सरकारी संस्थाबाट रु.

(६) अन्य स्रोतबाट रू.

(ज) कार्यक्रम शुरु हुने मिति :-

(झ) कार्यक्रम सम्पन्न हुने मिति:-

(ञ) उपभोक्ता समिति गठन गरी आयोजना सञ्चालन गरिने भए उपभोक्ता समितिको नामावली:-

(१) अध्यक्ष

(२) उपाध्यक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
1209

(३) सचिव

(४) सदस्य

(५) सदस्य

(६) सदस्य

(७) सदस्य

(ट) आयोजना सम्बन्धी अन्य केही भए उल्लेख गर्ने :

संसद सदस्य वा निजको
प्रतिनिधिको नाम :-
सही:-
प्रतिनिधिसभा / राष्ट्रियसभा
संसदीय निर्वाचन क्षेत्र नं. :-
जिल्ला :-

मिति :- ..........................

(द्रष्टव्य : कार्यक्रम सम्पन्न भएको पैतीस दिनभित्र खर्चको विवरण पेश गरिसक्नुपर्नेछ ।

आज्ञाले,
उदयराज सोती
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
1202